बैठक संख्याः १५५/११/२०८०/०८१
मिति:२०८०/१०/२६
समय : दिनको १ .०० बजे

आज मिति २०८०/१०/२६ गते शुक्रबारका दिन यस शुक्लाफाँटा नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री रणबहादुर महरा ज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसि निम्न अनुसार निर्णय गरियो ।

तपसिल:

| | |
|---|---|
| १. श्री रण बहादुर महराः नगर प्रमुख | अध्यक्ष |
| २. श्री कल्पना कुमारी जोशी पन्तः नगर उप-प्रमुख | सदस्य |
| ३. श्री उत्तर देव भट्टः वडा अध्यक्ष वडा नं १ | सदस्य |
| ४. श्री भोदुराम डगौराः वडा अध्यक्ष वडा नं २ | सदस्य |
| ५. श्री नरेन्द्रप्रसाद चौधरीः वडा अध्यक्ष वडा नं ३ | सदस्य |
| ६. श्री कमल ठकुल्लाः वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| ७. श्री चक्र बहादुर खड्काः वडा अध्यक्ष वडा नं ५ | सदस्य |
| ८. श्री दान सिंह ऐरः वडा अध्यक्ष वडा नं ६ | सदस्य |
| ९. श्री प्रताप धामीः वडा अध्यक्ष वडा नं ७ | सदस्य |
| १०. श्री बहादुर सिंह महराः वडा अध्यक्ष वडा नं ८ | सदस्य |
| ११. श्री रमेश बहादुर ऐरः वडा अध्यक्ष वडा नं ९ | सदस्य |
| १२. श्री लाल बहादुर ऐरः वडा अध्यक्ष वडा नं १० | सदस्य |
| १३. श्री शेर बहादुर साउदः वडा अध्यक्ष वडा नं ११ | सदस्य |
| १४. श्री नवल सिंह रानाः वडा अध्यक्ष वडा नं १२ | सदस्य |
| १५. श्री लक्ष्मी देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १६. श्री भुमा देवी चन्दः नगर कार्यपालिका सदस्य | सदस्य |
| १७. श्री शान्ती देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १८. श्री सुर्जा बि.कः नगर कार्यपालिका सदस्य | सदस्य |
| १९. श्री गणेश बिकः नगर कार्यपालिका सदस्य | सदस्य |
| २०. श्री सरस्वती कुमारी जोशीः नगर कार्यपालिका सदस्य | सदस्य |
| २१. श्री खेमराज विष्ट - प्रमुख प्रशासकीय अधिकृत | सचिव |

अन्य उपस्थिती :-
१.) गंगा अधिकारी ऐर - वडा नं. १२ वडा अध्यक्ष (का.बा.)

## १५५ औं कार्यपालिका बैठकका निर्णयहरु

मितिः- २०८०/१०/२६

**निर्णय नं. १:** १५४ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो ।

**निर्णय नं. २:** यस नगरपालिकामा मिति २०७८/०८/०७ गते देखि २०८०/१०/२२ गते सम्म शुक्लाफाँटा नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत भई कामकाज गर्नु भएका अधिकृत आठौं श्री टिकेन्द्र राज भट्टलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै २०८०/१०/२२ गते देखि यस नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा आउनु भएका उप-सचिव श्री खेमराज बिष्टलाई हार्दिक स्वागत तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** यस नगरपालिकाको आ.व. २०८०/०८१ मा शुक्लाफाँटा नगरपालिका अन्तर्गत रहेको वडा नं ८ गौडी खोला र अनौखी खोला बाट २०८०/०८१ को IEE प्रतिवेदन अनुसारको ढुंगा, गिट्टी, बालुवा, भरान सामग्री, उत्खननको लागि मिति २०८०/०८/२७ गते ३० (तिस) दिने सूचना आह्वान गर्दा कुनै पनि बोलपत्रदाताले प्रस्ताव आह्वान नगरेको हुँदा सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ अनुसार दोस्रो पटकको लागि मिति २०८०/१०/०२ गते १५ (पन्ध्र) दिने सूचना आह्वान गरेको थियो । उक्त सूचनाको म्याद भित्र पनि कुनै बोलपत्रदाताले प्रस्ताव पेश नगरेकोले प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन बमोजिम गौडी खोलाको साईट नं १ बाट १७६२४.६६ वर्ग मिटर नदीजन्य पदार्थ उत्खनन्को लागि मु. अ. कर वाहेक रू ३७,३४,४५७.४८ (अक्षरेपी सैतिस लाख चौतिस हजार चार सय सन्ताउन्न रुपैया अठ्चालिस पैसा) बराबरको न्युनतम कबोल अंक कायम गरी १५ दिने बोलपत्र सूचना आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** आर्थिक वर्ष २०८१/०८२ को लागि राष्ट्रिय योजना आयोगलाई संघ समपूरक र संघ विशेस अनुदानमा तपसिल बमोजिमका योजना माग गर्ने निर्णय गरियो।

तपसिलः

संघ समपूरक योजनाः

१) वडा नं. ९ को नौखरी घरकटुवा खोलामा कल्भर्ट निर्माण ।

२) चितौरा पूल देखि सम्म चोक हुदै वडा नं. २ जोड्ने सडक कालोपत्रे ।

संघ विशेस योजनाः

रण बहादुर महरा
नगर प्रमुख

०८०/१०/२६

१) स्याली नदी तटबन्ध ।

**निर्णय नं. ५:** वडा नं. २ को खानेपानी आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नका लागि कार्य शर्त विवरण (TOR) र रू ९८,६७०.९० (अन्ठानब्बे हजार छ सय सत्तरी रुपैया नब्बे पैसा मात्र) बराबरको लागत अनुमान स्वीकृत गर्ने । उक्त प्रतिवेदन तयारीको भूक्तानी समपुरक कोषबाट गर्ने निर्णय गरियो।

**निर्णय नं. ६:** माध्यमिक शिक्षा परीक्षा कक्षा १० को नतिजामा उल्लेख्य सुधारकालागि अतिरिक्त कक्षा संचालन गर्न रू ५ लाख समपूरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:** यस शुक्लाफाँटा नगरपालिका झलारी, कंचनपुर मार्फत मिति २०८०/१०/१० गते यस नगरपालिकामा संचालित झोलुङ्गे पूल कार्यक्रमको लागि सामुदायलाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग उपलब्ध गराउन श्री नेपाल राष्ट्रिय विकास समाज भीमदत्त नगरपालिका-८, कंचनपुरसंग ३ (तीन ) बर्ष अबधि हुने गरी सम्झौता गर्ने निर्णय गरियो।

**निर्णय नं. ८:** डायलासिस, मृगौला प्रत्यारोपण, स्पाईनल ईन्जुरी र क्यान्सर रोगीहरुको मासिक उपचार खर्च निकासा भई सकेकोले २०८० कार्तिक देखि २०८० पुस महिना सम्म मासिक उपचार खर्च उपलब्ध गराउनुपर्ने ५० जना बिरामीहरुको सो वापतको रकम रू ७,२०,०००।— सम्वन्धित बिरामिहरुको बैंक खातामा सम्बन्धित शिर्षकबाट रकम भुक्तानी गर्न सम्बन्धित शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

रण बहादुर महरा
नगर प्रमुख

८०।१०।२३